KABELI BIKAS BANK LTD.
काबेली बिकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजत-पत्र प्राप्त संस्था)
NRB License No.58/064/065
Regd.No.1025/064/065

प.स. : २०७५/७६.
च.नं. : ७९

मिति : २०७५/१२/१२

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
युएनआई मार्ग, काठमाण्डौं

**विषय : जानकारी सम्बन्धमा ।**

महाशय,

यस बैंकको मिति २०७५/१२/११ गतेको सञ्चालक समितिको बैठक नं.२२९बाट सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड र कावेली विकास बैंक लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने(मर्जर) कार्यकालागि बैंकको बिषेश साधारणसभा मिति २०७५/१२/२७ गते तदनुसार अप्रिल महिनाको १० तारिखका दिन विहान ११.०० बजेदेखि होटल चिप एण्ड बेष्टको सभाहल, धनकुटा न.पा.७ मा गर्ने निर्णय भएको साथै सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड र कावेली विकास बैंक लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने(मर्जर) कार्यकालागि नेपाल स्टक एक्सचेन्च लिमिटेडमा मिति २०७५/१०/०४ गते देखि एकीकृत कारोबार नभए सम्मकालागि बैंकको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजको कार्य बन्द रहेको व्यहोरा जानकारीकालागि अनुरोध छ ।

**संलग्न**

१. विषेश साधारण सभा सम्वन्धी सूचनाको प्रतिलिपी थान २

भवदीय,

शैलेन्द्र वादे श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

Kabeli Bikas Bank Ltd.
Class "B" Financial Institution of Nepal

प्रधान कार्यालय, धनकुटा
फोन : ०२६-५२१४३५, ५२१२१९
Email : info@kabelibank.com URL : www.kabelibikasbank.com.np

# विशेष साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/१२/१२)

यस बैंकको सञ्चालक समितिको मिति २०७५/१२/११ गतेको निर्णय बमोजिम बैंकको विशेष साधारण सभा निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिकालागि यो सूचना प्रकाशित गरिएको छ ।

३. **सभा हुने मिति, समय र स्थान**

| | | |
|---|---|---|
| मिति | : | २०७५ चैत्र २७ गते बुधवार |
| समय | : | विहान ११.०० बजे देखि |
| स्थान | : | होटल चिप एण्ड बेष्टको सभाहल, धनकुटा न.पा.७ धनकुटा |

४. **छलफलका विषयहरू**

**(क) विशेष प्रस्तावहरू :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा पेश गरिने सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड र काबेली विकास बैंक लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने(मर्जर) सम्बन्धी प्रतिवेदन प्रस्तुत, छलफल तथा पारित गर्ने सम्बन्धमा ।
२. सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड र काबेली विकास बैंक लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने(मर्जर) कार्यकालागि शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) छलफल तथा पारित गर्ने सम्बन्धमा ।
३. सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड र काबेली विकास बैंक लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने(मर्जर) सम्बन्धमा भएका समझदारी, सम्झौता तथा निर्णयहरू अनुमोदन तथा अन्तिम स्वीकृति सम्बन्धमा ।
४. सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड र काबेली विकास बैंक लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने(मर्जर) सम्बन्धी आवश्यक कार्य गर्न गराउनकालागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
५. सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड र काबेली विकास बैंक लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने(मर्जर) कार्यकालागि भएको अन्तिम सम्झौतामा यस बैंकको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकको मनोनयलाई स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।
६. प्रवन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा ।
७. काबेली विकास बैंक लिमिटेडको विशेष साधारणसभाबाट निर्णय भएको हकप्रद शेयर जारी गर्ने निर्णयलाई खारेज गर्ने सम्बन्धमा ।

**(ख) विविध ।**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड र काबेली विकास बैंक लिमिटेड बीच एक आपसमा गाभ्ने गाभिने(मर्जर) कार्यकालागि नेपाल स्टक एक्सचेन्च लिमिटेडमा मिति २०७५/१०/०४ गते देखि एकीकृत कारोबार नभए सम्मकालागि बैंकको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजको कार्य बन्द रहेको हुँदा विशेष साधारण सभाको

प्रयोजनकालागि सो मिति भन्दा अघि नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा शेयर कारोबार भई यस बैंकको शेयर रजिष्ट्रार श्री एनआइबिएल क्यापिटल लिमिटेडबाट शेयर नामसारीको लिखतको आधारमा शेयरधनी कितावमा दर्ता कायम शेयरधनीहरूले सो सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सकिनेछ ।

२. सभामा भाग लिन आउने शेयरधनीले सभा कक्षमा प्रवेश गर्नकालागी प्रवेश पत्र वा नागरिकता वा शेयर प्रमाणपत्र साथै लिई आउन अनुरोध गरिएको छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा आधिकारीक पत्र अनिवार्य गरिएको छ ।

३. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा १ घण्टा अगाडी उपस्थित भै त्यहाँ रहेको उपस्थिती पुस्तिकामा हस्ताक्षर गर्नु पर्नेछ ।

४. विशेष साधारण सभा भएको सूचना सम्बन्धित शेयरधनी महानुभावहरूको ठेगानामा पठाइएको छ सो सूचना प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी बिशेष साधारण सभामा उपस्थितीकालागि अनुरोध गर्दछौं ।

५. सभामा भाग लिन र मतदान गर्नकालागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावले प्रतिनिधि पत्र सभा हुनु भन्दा ४८ घण्टा अगावै बैंकको कर्पोरेट कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि नियुक्त भएको व्यक्ति यस बैंकको शेयरधनी हुनु पर्नेछ । प्रतिनिधि नियुक्त गरिसक्नु भएका शेयरधनी आफैंले सभामा उपस्थित भई उपस्थिति पुस्तिकामा दस्तखत गर्नु भएमा अगाडी दिईसकेको प्रतिनिधित्व स्वतः बदर हुनेछ ।

६. नावालक शेयरधनीको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन् । शेयरधनीको दर्ता किताबमा संरक्षकको रूपमा लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

७. कुनै शेयरधनीले एक भन्दा बढी व्यक्तिलाई कुनै किसिमबाट बिभाजन गरी वा नगरी प्रतिनिधि नियुक्त गरेको भएमा कस्‌कस्‌को बदर गरिएको हो सो को जानकारी दिनु पर्नेछ अन्यथा सबै प्रतिनिधि वदर हुनेछन् ।

८. विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्न गर्न चाहेको विषयवारे सभा हुनु भन्दा ३ दिन अगावै लिखित रूपमा बैंकलाई जानकारी दिनु पर्नेछ । यस्तो विषयमा यस बैंकसँग सम्बन्धित र औचित्य हेरेर आवश्यक भएमा मात्र छलफलकालागि समावेश गरिनेछ ।

९. विशेष साधारण सभामा भाग लिन आउँदा जाँदा लागेको भ्रमण खर्च लगायत कुनै किसिमको खर्च रकम बैंकले प्रदान गर्ने छैन ।

१०. विशेष साधारण सभा सम्बन्धी अन्य जानकारी बैंकको वेभसाइट www.kabelibikasbank.com.np वा बैंकको प्रधान कार्यालयबाट कार्यालय समय भित्र प्राप्त गर्नसक्नु हुनेछ ।

११. सभा सम्बन्धी अन्य कार्यवाही कम्पनी ऐन वा अन्य प्रचलित कानून, नीति, नियम तथा निर्देशन वमोजिम हुनेछ ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव